# मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

011412112
011412113
011412114

काभ्रेपलाञ्चोक
Kavrepalanchwok
३ नं. प्रदेश
3 No. Province, Nepal


## कृषि औजार (हाते ट्र्याक्टर, भुसा काट्ने मेशीन र धान चुट्ने पावर थ्रेसर) ५०% अनुदानमा वितरण गर्ने प्रस्ताव आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मिति : २०७६।१।१९)

यस मण्डनदेउपुर नगरपालिकाको चालु आर्थिक वर्ष २०७५।०७६ को लागि नगरपालिकाको आन्तरिक श्रोतबाट कृषि तथा पशु विकास कार्यक्रमको लागि ५०% अनुदानमा हाते ट्र्याक्टर, भुसा काट्ने मेशीन र धान चुट्ने पावर थ्रेसर नगरपालिकाको क्षेत्रभित्र प्रयोग गर्ने गरी उपलब्ध गराउने भएकोले तपसिल बमोजिम योग्य र अनुभव भएका कृषक समूह तथा कृषि सहकारीहरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रस्ताव आह्वान गरिएको छ।

**तपसिल:**

१. कृषक समूह तथा कृषि सहकारी यो सूचना प्रकाशन भएको मिति अगावै दर्ता भएको हुनुपर्नेछ । (दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने ।)

२. कृषक समूह तथा सहकारीले आफूले तिर्नु बुझाउनु पर्ने कर दस्तुर तिरेको साथै करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ साथै VAT/PAN मा दर्ता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपी र कर छुट प्राप्त भएको भए सम्वन्धित कार्यालयको करछुट सम्बन्धि प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३. कृषक समूह तथा सहकारीले गत आ.व.को लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरिएको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

४. कृषक समूह तथा सहकारीको कार्यक्षेत्र यस मण्डनदेउपुर न.पा. भित्र भएको हुनुपर्ने छ ।

५. कृषक समूह तथा सहकारीले आफ्नो कार्यक्षेत्र र सदस्य संख्या खुलेको विवरण प्रस्ताव साथ पेश गर्नुपर्ने छ । साथै कूल सदस्यहरुमध्ये कृषक सदस्यको संख्या समेत पेश गर्नुपर्ने छ ।

६. कृषक समूह तथा सहकारीले प्रस्तावको साथमा यस अघि गरेका कार्यको प्रतिवेदन र आगामी कार्य योजनाहरु पेश गर्नुपर्ने छ ।

७. प्रस्तावना प्रथम पटक सार्वजनिक भएको सूचनाको पन्ध्र दिन भित्र यस नगरपालिकाको कृषि शाखामा बुझाउनु पर्ने छ ।

८. पेश हुन आएका प्रस्तावहरु नगरपालिकाको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी सिफारिश गर्ने छ । सोही सिफारिसको आधारमा नगर कार्यपालिकाले कृषक समूह/सहकारी छनौट गर्ने छ ।

९. प्रस्तावक सहकारी तथा समूहले ५०% रकम साझेदारी गर्ने प्रतिवद्धता पेश गर्नुपर्नेछ । छनौट भएका कृषक समूह तथा सहकारीले नगरपालिकाले बोलपत्र मार्फत स्वीकृत गरेको मूल्यको ५०% रकम नगरपालिकाको बैंक खातामा जम्मा गरी कृषि सामाग्री लैजान सक्नेछ ।

१०. कृषक समूह तथा सहकारीले आफूले लिन चाहेको हाते ट्र्याक्टर, भुसा काट्ने मेशीन तथा थ्रेसरको संख्या उल्लेख गर्नुपर्ने छ ।

११. प्रस्ताव पेश गर्ने कृषि सहकारी तथा कृषि समूहले सम्बन्धित वडाको वडामा कार्यरत सिफारिस पेश गर्नुपर्नेछ ।

१२. प्रचलित ऐन, कानून अनुसार कालो सूचीमा नपरेको हुनुपर्नेछ तथा प्रस्तावकले आफू कालो सूचीमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

१३. प्रस्तावकले विगतमा कृषि क्षेत्रमा संचालन गरेका कार्यक्रमहरुको सूची पेश गर्नुपर्नेछ ।

१४. नगरपालिकामा गठित मूल्यांकन समितिले माथिका कागजातहरुको आधारमा कृषि सहकारी वा समूह छनौट गर्ने छ । यस्तो छनौट सोही मूल्यांकन समितिको निर्णय अन्तिम हुनेछ । उक्त मूल्यांकन समितिले हाते ट्र्याक्टर, भुसा काट्ने मेशीन र पावर थ्रेसर एकै वा फरक सहकारी र समूहलाई दिनेगरी समेत छनौट गर्न सक्नेछ । यस्तो सहकारी वा समूह छनौट गर्दा नगरपालिकाको प्रत्येक वडामा न्युनतम एउटा सहकारी वा समूहको छनौट गरिने छ ।

१५. थप जानकारीको लागि यस नगरपालिकाको कृषि शाखामा सम्पर्क राख्न सकिनेछ ।

१६. रित नपुगेका प्रस्तावहरु दर्ता गरिने छैन ।

2076/1/19

(प्रण राज न्यौपाने)